सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३३७ ♦ २०८२ साल साउन ६ गते मंगलवार ♦ 22 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## गौशालामा बजारको ठेक्काको विषयमा झडप हुँदा वडा अध्यक्ष सहित चार जना घाइते

**अजयकुमार साह**

**साउन ५ गते, बर्दिवास**



गौशाला नगरपालिका-५ मा गोरु तथा खसी बजारको ठेक्काको विषयलाई लिएर उत्पन्न विवादले झडप हुँदा चार जना घाइते भएका छन्। झडपमा परेर वडा नं. २ का वडा अध्यक्ष श्याम कुमार मण्डल, स्थानीय विपिन साह, विजय यादव र सुरेन्द्र महतो घाइते भएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएकोछ। स्थानीयहरूका अनुसार गोरु तथा खसी बजारमा दुई पक्ष गौशाला नगरपालिका र निगौल गाई गौशाला दुबैले ठेक्का लगाएको कारण ठेक्का वापतको राजश्व संकलनको विषयमा विवाद उत्पन्न हुँदै आएको छ। गौशाला नगरपालिका र निगौल गाई गौशालाबीच पशु बजार ठेक्का तथा राजश्व संकलन गर्ने विषयमा विवाद भएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ। निगौल गाई गौशालाले कर्मचारी खटाएर अमानतमा राजश्व संकलन प्रक्रिया अगाडि बढाउँदा नगर प्रहरीले अवरोध गरेको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ।

निगौल गाई गौशालाको कार्यालय र गौशाला नगर पालिकाको कार्यालय बीच २०७० मा गोरु र खसी बजार ठेक्का बापतको २५ प्रतिशत र कम निगौल गाई गौशालालाई उपलब्ध गराउने सम्झौता भएको छ। सम्झौताअनुसार निगौल गाई गौशाला व्यवस्थापन कार्यालयले पटक-पटक लिखित तथा मौखिक रूपमा अनुरोध गरेको छ।

तर, गौशाला नगरपालिका कार्यालयले ठेक्काबापतको ५ करोडभन्दा बढी बाँकी रहेको र कम दिन नमानेपछि पशु बजार ठेक्का आफैं लगाउने प्रक्रिया अगाडि बढाउँदा नगरपालिकाले अवरोध गरेको निगौल गाई

*बाँकी पृष्ठ २ मा*

## फोटो/भिडिओ देखाएर ब्ल्याकमेल गरेपछि विमलेशको हत्या, आरोपमा एक युवती पक्राउ : हत्याकाण्ड पछाडिको कथा

**खबर दर्पण समाचारदाता**

**साउन ५ गते, बर्दिवास**

महोत्तरीका ३२ वर्षीय विमलेश यादव 'शनी'को ब्ल्याकमेलका आरोपमा छुरा प्रहार गरी हत्या भएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ।

यादव जनकपुरधामको होटल 'एसपी एण्ड गेष्ट हाउस'मा आइतबार बिहान मृत अवस्थामा फेला परेका थिए। उनीसँगै होटलमा गएकी महोत्तरीको बलवा नगरपालिका-७ बनौटाकी २१ वर्षीया जुली झा पक्राउ परेपछि घटनाको कारण खुलेको हो।

धनुषा जिल्ला प्रहरी कार्यालयले पत्रकार सम्मेलन गरी घटनाको पछि यादवले गरेको ब्ल्याकमेल रहेको निष्कर्ष निकालेको छ। जुली र विमलेशको चिनजान तीन वर्षअघि फेसबुकबाट भएको थियो। सामाजिक सञ्जालमार्फत कुराकानी बाक्लिँदै गएपछि प्रेममा परेका उनीहरुबीच पटक-पटक भेट भएको थियो। त्यसक्रममा उनीहरुले सहमतिमा शारीरिक सम्बन्ध राखेको पाइएको जिल्ला प्रहरी प्रमुख एसपी नरहरि रेग्मीले जानकारी दिए।

तर, पछि विमलेशले सम्बन्धका तस्वीर र भिडिओहरू खिचेर जुलीलाई ब्ल्याकमेल गर्न थालेका थिए। प्रहरीलाई दिएको बयानमा जुलीले भनिन्, "विमलेशले मेरो चरित्र हत्या गर्‍यो, मेरो परिवार, साथीहरूलाई फेक फेसबुक आईडी बनाएर फोटो/भिडिओ पठायो। म जिउँदो हुँ कि मरेको छु भन्ने थाहा पाउन सकेको थिइनँ।"


उक्त घटनाले आफूलाई आत्महत्याको सोचसमेत आएको जुलीले प्रहरीलाई बताइन्। "मसँग दुई वटा

*बाँकी पृष्ठ २ मा*




# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी



✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# श्रम मन्त्रालयद्वारा महोत्तरीमा व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भुमि पुजन

**खबर दर्पण समाचारदाता**

**साउन ५ गते, बर्दिवास**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत महोत्तरी जिल्लामा निर्माण हुन लागेको अत्याधुनिक प्रविधियुक्त व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिपूजन कार्यक्रम आज एक भव्य समारोहका बीच सम्पन्न भएको छ ।

मधेस प्रदेशको महोत्तरी जिल्लाको बलवा नगरपालिका-६, सोनामाईमा आयोजना गरिएको कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष एवं पूर्व उपप्रधानमन्त्री आदरणीय महन्त ठाकुर र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री तथा महोत्तरी-२ का संघीय सांसद माननीय शरतसिंह भण्डारीले संयुक्त रूपमा प्रतिष्ठानको शिलान्यास गर्नुभएको हो ।

भूमिपूजनसँगै अब आधुनिक प्रविधियुक्त सीपमूलक तालिम केन्द्र निर्माणको प्रक्रिया औपचारिक रूपमा सुरु भएको छ । कार्यक्रमका सहभागीहरुले यस परियोजनाले स्थानीयस्तरमा रोजगारी सृजना, युवा सशक्तीकरण तथा सीप विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

श्रममन्त्री भण्डारीको पहलमा सम्भव स्रोतका अनुसार प्रतिष्ठान स्थापनाको यो महत्वाकांक्षी योजना श्रममन्त्री भण्डारीको पहल, योजना र प्रतिबद्धताकै प्रतिफल हो। स्थानीय जनस्तरमा समेत मन्त्री भण्डारीको यो योगदानप्रति आभार व्यक्त गरिएको थियो ।

कार्यक्रममा सयौं स्थानीय बासिन्दा, जनप्रतिनिधिहरू, समाजसेवी, युवा तथा राजनीतिकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । भूमिपूजन समारोहले स्थानीयस्तरमै रोजगारीमूलक विकासको नवयुगको सुरुवात भएको सन्देश दिएको छ ।

**अन्तर्राष्ट्रियस्तरको सीप तालिम केन्द्र**

मधेस प्रदेशमै पहिलोपटक निर्माण हुन लागेको यो प्रविधियुक्त प्रतिष्ठान अन्तर्राष्ट्रियस्तरको हुने जनाइएको छ। निर्माण सम्पन्न भएपछि विभिन्न व्यावसायिक, प्राविधिक तथा श्रममूलक सीपहरूमा तालिम दिइनेछ। स्थानीय बासिन्दाका अनुसार यस्तो केन्द्र स्थापनाले युवाहरूमाझ वैदेशिक रोजगारीको सट्टा स्वदेशमै सीप सिकेर आत्मनिर्भर बन्ने वातावरण तयार गर्नेछ ।



# गौशालामा बजारको ठेक्काको..............

गौशालाको कार्यालय प्रमुख वीर बहादुर चौधरीले बताउनुभयो । राष्ट्रिय सहकारी विकास बोर्डको सञ्चालन तथा व्यवस्थापनमा रहेको निगौल गाई गौशाला व्यवस्थापन कार्यालय गौशालाको नाममा रहेको महोत्तरी जिल्ला गौशाला नगर पालिका वार्ड नं. ५ कित्ता नं. ८२, ८३, ८४ को २ बिघा १९ कठ्ठा ११ धुर जग्गामा गौशाला नगरपालिकाको कार्यालयले गोरु तथा खसी बजार सञ्चालन गर्न ठेक्कामा लगाउने कार्य गर्दै आएको छ र पशुहाट लगाइने ठेक्काबाट २५ प्रतिशत रकम नगरपालिकाले गाई गौशालालाई दिने सहमति गरेको छ । तर नगरपालिकाले रकम दिन आनाकानी गर्दै आएको आरोप निगौल गाई गौशाला प्रशासनले लगाएको छ। निगौल गाई गौशालाले नगर पालिकाले बाँकी रकम समेत उपलब्ध नगराई जर्वजस्ती वजार ठेक्का लगाएर राजश्व असुल्दै आएपछि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको आदेशअनुसार सो बजारको र कम उठाउन खोजेपछि विवाद सिर्जना भएको बताइएको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरण पुलचोकका प्रशासकीय अधिकृत कान्ती कुमारी पाण्डेले दिएको जानकारी अनुसार नगरपालिका उपर बाँकी रहेको ५ करोड बढि रकम असुल्नका लागि कार्यालयले बारम्बार तकेदा गर्दा समेत कुनै सुनवाई नगरेको आरोप लगाउनुभयो ।

पाण्डेले भन्नुभयो , 'वि.सं. २०७० सालमा निगौल गाई गौशालाको अधिनमा रहेको जग्गामा ४ बर्षको लागि पशु वजार लगाउनका लागि सम्भौता भएको थियो । सो सम्भौतापत्रमा ठेक्का वापतको कुल रकमको २५ प्रतिशत र कम यस कार्यालयलाई दिने शर्तमा तत्कालिन गौशाला गाविसको कार्यालयसँग सम्भौता भई पशु वजार लगाउनका लागि सहमति भएको थियो । आर्थिक बर्ष २०७३-०७४ मा नै सम्भौता टुटेतापनि नगरपालिकाको कार्यालयले बर्षौनी बिना सम्भौता पशु वजार आफ्नो मातहतको जग्गामा लगाउँदै आएको थियो । यसविचमा सम्भौताका लागि गरेको अनेकन प्रयासहरु नगर पालिकाकोतर्फबाट विफल हुँदा वाध्यतावश यस कदम उठाउनका लागि यस संस्थाले सो निर्णय लिएको हो ।'

इप्रका गौशालाका अनुसार सोमबार विहान ठेक्का रकम सङ्कलनको प्रयासका क्रममा नगरपालिका पक्ष र गाई गौशाला पक्षधर बीच विवाद उत्पन्न भई हात हालाहाल भएको थियो । विवाद उग्र रुपमा परिणत भई दुई पक्ष बीच झडप नै हुन पुगेपछि स्थिती तनावपूर्ण बनेको थियो ।

स्थितीलाई नियन्त्रणमा लिनको लागि प्रहरी बल परिचालन गरि स्थितीलाई नियन्त्रणमा लिएको थियो। दुई पक्षबीच झडप भएपछि इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायव उपरीक्षक विकास बमको कमाण्डमा र जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी निरीक्षक नन्दकिशोर प्रसाद चौहानको कमाण्डमा खटिएका प्रहरीले झडप नियन्त्रणमा लिएको थियो ।अहिले बजार क्षेत्रमा सुरक्षाकर्मीहरूको बाक्लो उपस्थिति छ र अवस्था सामान्य रहेको छ।

यता घाइतेमध्ये वडा अध्यक्ष मण्डल र विजय यादव को अवस्था गम्भीर रहेकोले थप उपचारका लागि काठमाडौं रेफर गरिएको इप्रका गौशालाले जनाएको छ।

यस विषयमा गौशाला नगपालिकाका नगर प्रमुख दिपेन्द्र महतोले स्थानीय बजार हरु स्थानीय सरकारको मातहतमा हुनु पर्ने कानुन र हेको हुँदा सोहि अनुसार गरिएको र त्यसमा विपक्षी दलहरुले गलत ढंगले गाई गौशालालाई उकसाएर यस्तो झडपको स्थिती पैदा गराएको बताउनुभयो। उहाँले यस विषयमा सर्व पक्षिय बैठक गरेर समस्याको समाधान गर्ने बताउनुभयो ।

# फोटो/भिडिओ देखाएर.....

विकल्प बाँकी थियो । या त म आत्महत्या गर्ने या उसलाई मार्ने ।" त्यसपछि जुलीले विमलेशको हत्या गर्ने सोच बनाएको प्रहरी अनुसन्धानमा खुलेको छ ।

साउन ३ गते विमलेशले जुलीलाई जनकपुरधामको गेष्ट हाउसमा बोलाए । शनिबार राति ९:५५ बजे उनीहरु सँगै होटलमा प्रवेश गरेका थिए । सोदिन विमलेशले अत्यधिक मदिरा सेवन गरेका थिए । होटलमा प्रवेश गरेको करिब पाँच घण्टापछि आइतबार बिहान २:५७ बजे यादव होटलको पहिलो तलाबाट नग्न र रक्ताम्य अवस्थामा भुइँमा खसेका थिए । उनको उपचारको क्रममा प्रादेशिक अस्पताल जनकपुरमा मृत्यु भएको थियो ।

जुली भने ३:०४ बजे खाली खुट्टा होटलबाट भागेको सीसीटीभी फुटेजमा देखिएको एसपी रेग्मीले बताए । जुली महोत्तरीको परौलतर्फ भाग्दै गर्दा आइतबार मध्याह्न १२ बजे पक्राउ परेकी थिइन् ।

लामो समय ब्ल्याकमेलिङको सामनापछि जुलीले हत्या गरेको प्रहरीको निष्कर्ष छ । "घटनामा गहिरो मनोवैज्ञानिक असर देखिन्छ । जुलीले लामो समय ब्ल्याकमेलिङको सामना गरेको देखिन्छ । मृतकको फोन कल विवरण, सन्देशहरू सबै अनुसन्धान भइरहेको छ," एसपी रेग्मीले भने ।


नेपाल सरकार

**उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय**

कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मिति : २०८२।०४।०६**

यस कम्पनीको मिति २०८२।०३।०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट समेत स्वीकृति प्राप्त भई साविक कम्पनी अ कप अफ लभ म.वि.नगर्ने मु.वि.नगर्ने.न. १३९४३१) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोनु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तन नामको पर्सा थारु युवा मञ्च म.वि.नगर्ने अंग्रेजिमा Parsa Tharu Yuwa Munch Profit Non–Distributing Company ले सकानु व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ।


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भेन्टिलेटर ल्याएदेखि नै थन्क्याएर राखियो, तर संचालन नहुँदा विरामीले ज्यान गुमाउँदै

**खबर दर्पण समाचारदाता**
**साउन ५ गते, बर्दिवास**

२०७९ साउनमा महोत्तरीको बर्दिवासमा माईस्थान पब्लिक एकेडेमीका प्रधानाध्यापक युवराज श्रेष्ठको सर्पको टोकाईवाट उपचारको क्रममा अल्पायुमा नै ज्यान गयो ।

जव-जव सर्पको टोकाईबाट मृत्यु हुन्छ तव-तव स्थानीयस्तरमा भेन्टिलेटरको माग हुन थाल्छ । तर श्रेष्ठको मृत्युपछी सामाजिक संजालमा भेन्टिलेटरको व्यवस्थापन गर्न यति ठुलो दवाव वढयो की भिडको अभिमतलाई बुझेर प्रदेशसभा सदस्य सार दादेवी थापाले त संसद कोषवाट भेन्टिलेटर खरिद गर्न पैसा विनियोजन गर्ने घोषणा नै गरिन ।

संयोग नै भन्नुपर्छ स्थानीय तहको निर्वाचन सकिएको पनि ४ महिनामात्र भएको थियो । निर्वाचित भएको पारम्भमा नै करार शिक्षक र कर्मचारी हटाएर विवादित वनेका नगरप्रमुख प्रल्हाद कुमार क्षेत्री पनि भिडको सहानुभूति आफुतर्फ एकीकृत गर्ने मौका हेरिरहेका थिए ।

पुर्व मन्त्री गिरिराजमणि पोखरेलले समेत पहलकदमी लिईरहेका वेला नगरप्रमुख क्षेत्री साउन-१६ गते स्वास्थ्य मन्त्रालयमा आफै पत्र लिएर पुगे ।सचिव रोशन पोखरेलले भोलिपल्ट नै भेन्टिलेटर नगर पालिकालाई हस्तान्तरण गरे ।

त्यसपछि जस र अपजसको होडवाजी यसरी चल्यो की बर्दिवासको समाज नै दुई भागमा बिग्रह भयो । जेहोस नगरप्रमुख क्षेत्रीले ओरालो लागेको छविलाई पुनरावृति गराए ।

तर नेताहरुले भिडको अभिमतमा राजनीति गर्ने तर व्यवहारमा कार्यान्वयन नगर्ने प्रमाणकोरुपमा यो भेन्टिलेटर राजनीति तिकडमको गतिलो हतियार वनेको छ ।

भेन्टिलेटर संचालन भएमा सर्पले टोकेका विरामीहरुको ज्यान वच्ने आशा सहित सामाजिक संजालमा गरिएको जयजयकार ३ बर्ष वितिसक्दा एकादेशको कथा वनेको छ भने मन्त्रालयवाट आएको भेन्टिलेटर धुलो र माकुराको जालोले घेरिएको छ ।

पुरानो कार्यालय भएको ठाँउमा यो भेन्टिलेटरलाई यसरि रमिता वानाईयो की सेवाग्राहीहरू फोहोर राख्ने ठाँउमा देख्दा मन अमिलो बनाउथे । 'एकातिर भेन्टिलेटरको अभावमा सर्पको टोकाईवाट मान्छे यही अवधीमा पनि मरे तर स्टन्डवाजी गरेर जसअपजसको प्रतिस्पर्धामा लिइरहेका जनप्रतिनिधिहरुले आम मानिसहरुको पिडा बुभ्न नै सकेनन ।' स्थानीय अन्जान खडकाले भने ।'स्टन्डवाजी गर्ने जनप्रतिनिधि चाहिएको नै हैन हामीलाई काम गर्ने जनप्रतिनिधिको अभाव छ ।'

निक्कै तामझामका साथ रवाफ देखाउदै २५ लाख ७४ हजार ३ सय ९० रुपैयाँ पर्ने भेन्टिलेटर पुरानो भाडाको भवनवाट स्तान्तरण गरेर आफ्नै भवनको स्वास्थ्य शाखामा काम नलाग्ने अवस्थामा पुगेको छ ।

'अहिले उक्त भेन्टिलेटर विग्रीसकेको भन्ने सुनेको छु । ल्याएदेखि नै थन्क्याएर राखिएको छ ।' बर्दिवास अस्पतालका मेसु सुदिप ठाकुर भन्छन :- 'संचालन गर्न सकिएन भने फिर्ता गर्नु पर्थ्यो ।'

यति धेरै सरकारी पैसा भिडलाई खुसी वनाउने नाममा नगर पालिकाले स्वाहा वनाएको दृश्य नगर क्षेत्रमा यतिवेला चलचित्र जस्तै वनेको छ ।

**के सम्भव छ भेन्टिलेटर सेवा प्रवाह गर्न ?**

वरपर रहेका दुई वटा निजि अस्पतालले आईसियु सहितको भेन्टिलेटर सुविधा प्रदान गरिरहेका छन् ।

मापदण्डअनुसार आइसियु सहितको भेन्टिलेटर संचालन गर्न भौतिक संरचना पनि सोहीअनुसार हुनुपर्छ ।

चिकित्सकहरुका अनुसार विरामी लैजाने लिफ्ट वा र्‍याम्प अनिवार्य हुनुपर्छ तर बर्दिवास अस्पतालमा यस्ता खाल्का संरचना निर्माण भएका छैनन ।

'सर्पदंस उपचार केन्द्रमा राख्न त सम्भव नै छैन बरु उपचार केन्द्रले आफ्ना विरामीहरुको उपचारको लागि निजि अस्पतालसगँ कुनै सम्झौता गर्न पनि सक्थ्यो ।' मेडिकल सुपरिटेन्डेन्ट ठाकुरले भने । 'हाम्रो अस्पतालमा मेनपावर पनि छ तर संरचना भने यो संचालनको लागि सोहीअनुसार बनाउनु पर्छ ।'



एउटा मेसिन पुर्णरुपमा संचालन गर्न प्रशिक्षित चिकित्सक, एनेस्थेसियोलोजिस्ट, आईसियु नर्स, रेस्पिरेटरी थेरापिस्ट जस्ता जनशक्ति आवस्यक पर्ने चिकित्सकहरुको भनाई छ ।

नगरले अस्पतालको स्तरोन्ती वढाएर काम गर्दा संचालन गर्न सकिने भएतापनी यथास्थितिमा भेन्टिलेटर संचालन गर्न नसकिने अस्पतालले जनाएको छ ।

**भेन्टिलेटर ल्याएर संचालन नगरी हानी नोक्सान पुऱ्याउनेलाई हुन सक्छ कानुनी कारवाही**

भेन्टिलेटर ल्याएर संचालन नै नगरी हानी-नोक्सानी पुऱ्याउने जनप्रतिनिधि वा कुनैपनि संस्थामाथी कारवाही हुने समेत व्यवस्था छ ।

स्टोरमा राख्दा हिफाजातका साथ नराख्दा यदि भेन्टिलेटर बिग्रीएको हो भने यसको जिम्मेवार स्वयम नगरपालिका वन्ने देखिन्छ ।

किन भने मन्त्रालयले हस्तान्तरण गर्दा नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीको रोहवरमा नगर शिक्षा समितिका सदस्य तथा नेपाली काङ्ग्रेसका नगर सभापती युवराज पोखरेललाई हस्तान्तरण गरिएको देखिएको छ ।

नेपालको भ्रष्टाचार निवारण ऐन, २०५९ ले सार्वजनिक सम्पत्तिको दुरुपयोगलाई भ्रष्टाचार अपराध मानेको छ । कानुन अनुसार यस्तो कार्यमा संलग्न व्यक्तिलाई १ वर्षदेखि १० वर्षसम्म कारावास र जरिवाना हुने प्रावधान छ। साथै, हानि पुगेको सम्पत्तिको पूरा क्षतिपूर्ति पनि गराउन सकिने व्यवस्था रहेको छ ।

'३ बर्षदेखि संचालन नआएपछी मन्त्रालयलाई नगरपालिकाले जानकारी गराउनु पर्थ्यो तर हामीलाई कुनै जानकारी आएको छैन ।' स्वास्थ्य मन्त्रालयका एक कर्मचारीले भने । 'यदि त्यसो हो भने अब खोजिनिती हुन्छ ।'

तर यो विषयमा नगरप्रमुख प्रल्हाद कुमार क्षेत्री भने संचालन गरेर नै छाड्ने दावी गर्दै आएका छन् ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौ,
- छतका गमला सुरक्षित रुपमा राखौं ।
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं, श्र हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं, श्र हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी



## व्यक्तिगत घटना दर्ता सप्ताह

जन्म दर्ता किन गर्ने ?




माथि उल्लेखित सेवाका साथै अन्य विभिन्न सरकारी सेवा प्राप्त गर्न

रामगोपालपुर नगरपालिका
महोत्तरी



## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८५५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा धाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# मटिहानीको लक्ष्मी सागरमा भगवान लक्ष्मी नारायणको सन्ध्या आरतीको पाँचौं वार्षिक उत्सव



**खबर दर्पण समाचारदाता**

**साउन ५ गते, बर्दिवास**

मटिहानी नगरपालिका-८ स्थित ऐतिहासिक तथा धार्मिक महत्व बोकेको लक्ष्मी सागरमा सोमवार बेलुका भगवान लक्ष्मी नारायणको सन्ध्या आरतीको पाँचौं वार्षिक उत्सव धूमधामका साथ मनाइँएको छ।

धार्मिक, सांस्कृतिक र पौराणिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिने लक्ष्मी सागर त्यही पवित्र पोखरी हो, जहाँबाट भगवान राम र देवी सीताको विवाहको समयमा बेदी निर्माण गर्न माटो खनिएको जनविश्वास रहिआएको छ।

यही स्थलमा हरेक हप्ताको बिहीबार बेलुका सन्ध्या आरती सञ्चालन हुँदै आएको छ, जसले विगत पाँच वर्षदेखि समुदायमा धार्मिक चेतना, एकता र सांस्कृतिक जागरण फैलाउँदै आएको छ।

यस विशेष अवसरमा सोमवार दिनको ३ बजेबाट धार्मिक जात्रा निकालिएको छ, जसले सम्पूर्ण मटिहानी गाउँको परिक्रमा गरेको थियो । त्यसपछि साँझ विशेष वार्षिक उत्सव समारोह गरिएको हो। कार्यक्रमअन्तर्गत भजन-कीर्तन र महा आरती आयोजना गरिएको छ।

उक्त कार्यक्रम मटिहानी नगर पालिका र लक्ष्मी सागर तथा आरती व्यवस्थापन समितिको संयुक्त आयोजनामा हुँदैछ।

आरती समितिका संरक्षक तथा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले सम्पूर्ण नगरवासी र ग्रामवासीलाई महाआरती तथा समारोहमा सहभागी भई धार्मिक ऊर्जा र सामूहिक एकता प्रदर्शन गर्न अनुरोध गर्नुभएको छ।

साथै उहाँले बेलुका आ-आफ्नो घरमा दीप प्रज्वलन गरी दीपावलीको रूपमा उत्सव मनाउन समेत आग्रह गर्नुभएको छ।

कार्यक्रममा स्थानीय धर्मप्रेमी, समाजसेवी, महिला तथा युवा समूह, बालबालिका र सांस्कृतिक टोलीहरूको सहभागिता रहनेछ।

यस प्रकारको कार्यक्रमले मटिहानी क्षेत्रको धार्मिक तथा सांस्कृतिक पहिचानलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरिएको छ।

# राष्ट्रिय निजि तथा आवासीय विद्यालय एसोसियसन बर्दिवासको दोश्रो अधिवेशन सम्पन्न



**खबर दर्पण समाचारदाता**

**साउन ५ गते, बर्दिवास**

राष्ट्रिय निजि तथा आवासीय विद्यालय एसोसियसन बर्दिवासको दोश्रो अधिवेशन सम्पन्न भएको छ ।

राजकिशोर साहको नेतृत्वमा ९ जनाको कार्यसमिति निर्वाचित गरेसँगै सनिवार अधिवेशन सम्पन्न भएको हो ।

अधिवेशनले यसअघिको कार्यकालमा सचिव रहेका सन्तोष वानियालाई उपाध्यक्षमा निर्वाचित गरेको छ भने सचिवमा दावा लामा निर्वाचित भएका छन् ।

त्यसैगरी कोषाध्यक्षमा मित्र रिखम, स-सचिवमा सन्दिप घिमिरे, सदस्यहरुमा समिर भट्टराई, विरलाल विक र दिवोध लामिछाने निर्वाचित भएको नवनिर्वाचित सचिव दावा लामाले जानकारी दिए ।

अधिवेशनले सल्लाहकार समिति समेत वनाएको छ । समितिमा नोगेन्द्र क्यापछाकी, नारायण लुम्रे र चन्द्र श्रेष्ठ रहेका छन् । यो अवसरमा कार्यालय समेत औपचारिक उदघाटन भएको छ । कार्यालय भने कमलामाई स्कुलका संचालक तथा नवनिर्वाचित सदस्य दिवोध लामिछानेले नि;शुल्क उपलब्ध गराएका छन् ।

अधिवेशनको खुल्लासत्र नोगेन्द्र क्यापछाकीको संयोजकत्वमा र प्रमुख अथिति केन्द्रिय उपाध्यक्ष नन्दन यादवको सहभागितामा सम्पन्न भएको थियो ।

एनप्याव्सन अन्तर्गत अहिले नगर क्षेत्रमा १४ वटा विद्यालयहरु रहेका छन् ।


## नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैलै,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

सम्सी गाउँपालिका

महोत्तरी



## नसर्ने रोगबाट बच्ने उपाय ।

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

**गौशाला नगरपालिका, महोत्तरी**



**सावधानी नहटाउनुहोस् ।**

"दुर्घटनाबाट बच्नका लागि सधैं सचेत रहनुहोस्। सावधानी अरूलाई पनि सुरक्षित राख्न मद्दत गर्छ।"

**खबर दर्पण द्वारा जनहितमा जारी सन्देश**


## बर्दिबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी

### आ.व. २०८२।०८३ को लागि आधारभुत औषधी तथा स्वास्थ्य उपकरणको दररेट पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२।०४।०६

सम्पूर्ण ईजाजत प्राप्त फर्म /सप्लायर्सहरुलाई बर्दिबास नगरपालिका,नगरकार्यपालिकाको कार्यालय अन्तर्गतको स्वास्थ्य संस्थाहरुको लागि आवश्यक आधारभुत औषधी तथा स्वास्थ्य उपकरणहरुको खरीद प्रकृया संचालन गर्न लागत अनुमान तयार गर्नु पर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रति एकाई दररेट खुलाई निम्न कागजातहरु संलग्न राखी यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

**पेश गर्नु पर्ने कागजात :-**

१. फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी (म्याद ननाघेको) ।

२. मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

३. प्रति एकाई खुलाई दर उल्लेख गरेको कागजात ।

नोट :- यसको बिस्तृत बिवरण कार्यालयको वेबसाईड :- bardibasmun.gov.np मा हेर्नु होला

प्रमुख प्रशासकीय अधिकृत

बर्दिबास नगरपालिका,महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,